आन्तरिक लेखापरीक्षण

# एकीकृत वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/०७९



नेपाल सरकार

## अर्थ मन्त्रालय

## महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

२०७९

सार्वजनिक कारोवार मितव्ययी, प्रभावकारी, कार्यदक्ष र नियमसङ्गत भए नभएको परीक्षण गरी यस्तो कारोबारलाई जवाफदेही र नतिजामूलक बनाउन व्यवस्थापनको सहयोगीको रूपमा आन्तरिक लेखापरीक्षण रहेको हुन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ। कानूनले प्रदान गरेको उक्त जिम्मेवारी पूरा गर्न महालेखा नियन्त्रक कार्यालय र ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरू क्रियाशिल रहेका छन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा (११) मा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी माननीय अर्थमन्त्री समक्ष पेश गरेको छु। ऐनमा अर्थमन्त्री समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेपश्चातको यो चौथो प्रतिवेदन हो। लेखापालन र लेखापरीक्षण कार्यलाई पृथकीकरण गरेअनुरूप यो पहिलो प्रतिवेदन हो। यो प्रतिवेदन सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण कार्य सम्पन्न गरी एकल खाता कोष प्रणालीमा २०७९ कार्तिक १९ गतेसम्म प्रविष्ट भएका विवरण र वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) मा प्राप्त तथ्याङ्कका आधारमा तयार गरिएको छ। प्रदेश तथा स्थानीय तहको आन्तरिक लेखापरीक्षण तत् तत् तहबाटै हुने कानूनी व्यवस्था रहेकोले यस प्रतिवेदनमा संघीय सरकारी कार्यालय र संघीय सरकारबाट प्रदान गरेको अन्तर सरकारी अख्तियारी अन्तर्गतको लेखापरीक्षण व्यहोरा मात्र समावेश गरिएको छ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर सम्वन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार अधिकृतले प्रणालीबाटै अध्ययन गरी समयमा नै फस्यौंट गर्ने कार्यमा जिम्मेवार बनाउन मन्त्रालयगत वित्तीय व्यवस्थापन सूचना प्रणाली (MFMIS) तयार गरिएको छ। आन्तरिक लेखापरीक्षण कार्यमा खटिने कर्मचारीको आचरणलाई निष्पक्ष, मर्यादित, अनुशासित र सदाचारी बनाई लेखापरीक्षण कार्यलाई स्वतन्त्र, वस्तुनिष्ठ, व्यावसायिक एवम् प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। लेखापालन र लेखापरीक्षण कार्यलाई छुट्याई लेखापरीक्षण कार्यलाई स्वतन्त्र, निष्पक्ष र व्यवसायिक बनाउने प्रयास गरिएको छ। लेखापरीक्षण प्रतिवेदन तयारी कार्यको लागि एकल खाता कोष प्रणालीमै आबद्ध हुने गरी आन्तरिक लेखापरीक्षण मोड्युलको प्रणाली विकास गरिएको छ। लेखापरीक्षण कार्यमा खटिएका जनशक्तिहरूलाई समयसमयमा तालिम दिई उनीहरूको क्षमता विकास गर्ने काम पनि हुँदै आएको छ।

आर्थिक वर्ष २०७८/०७९ को विनियोजन, राजस्व, धरौटी र कार्य सञ्चालन कोषका कारोबार अनुसार असुल गर्नुपर्ने बेरूजु रू.१ अर्ब १२ करोड १ लाख, नियमित गर्नुपर्ने बेरूजु रू. ९ अर्ब ४० करोड ९६ लाख र म्याद नाघेको पेस्की रू. १७ अर्ब ९६ करोड ३७ लाख समेत जम्मा आन्तरिक लेखापरीक्षणबाट रू. २८ अर्ब ४९ करोड ३५ लाख बेरूजु देखिएको छ।

अन्त्यमा, आन्तरिक लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन कानूनद्धारा निर्दिष्ट समयमा नै तयार गर्न सहयोग गर्नुहुने कोष तथा लेखा नियन्त्रक कार्यालय र आन्तरिक लेखापरीक्षणमा खटिनु हुने कर्मचारीहरु, सम्बद्ध निकायहरु एवं प्रस्तुत एकीकृत विवरण यथासमयमै तयार गर्न अहोरात्र खटिनु हुने यस कार्यालयका कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रतिवेदनमा उल्लिखित बेरूजु तथा कैफियतहरू समयमा नै सुधार गर्न तथा सुझावहरूको कार्यान्वयन र पालना गर्न अख्तियार प्राप्त निकाय र पदाधिकारीको महत्वपूर्ण भूमिका रहने भएकोले उक्त भूमिकालाई जिम्मेवारीपूर्वक निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।

२०७९/८/२४

हरिप्रसाद मैनाली

महालेखा नियन्त्रक

# परिच्छेद - १
# लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधिहरू

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## १.१ कानूनी व्यवस्था

सार्वजनिक निकायको निर्दिष्ट उद्देश्य हासिल गर्न सम्पादन गरिने कार्यक्रमहरू नियमित, मितव्ययी, कार्यदक्ष र प्रभावकारी रूपले सम्पादन भए वा नभएको जाँचबुझ, विश्लेषण र परीक्षण गरी व्यवस्थापनलाई आवश्यक सुझाव प्रदान गर्न आन्तरिक लेखापरिक्षण गरिन्छ। यसले सङ्गठनको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समेत मूल्याङ्कन तथा विश्लेषण गर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(१) मा नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने भन्ने व्यवस्था रहेको छ। प्रचलित कानूनले यस कार्यालय वा अन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई संघीय सरकारका निकाय र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई अख्तियारी प्रदान गरेको अन्तरसरकारी अख्तियारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ। साथै, प्रदेश, स्थानीय तह वा प्रचलित कानून बमोजिम स्थापित बोर्ड, समिति वा संस्थाबाट आन्तरिक लेखापरीक्षणको लागि अनुरोध भई आएमा त्यस्ता तह तथा संस्थाहरूको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयको अनुमतिमा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्न सक्ने कानूनी व्यवस्था छ। लेखापरीक्षकले त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी देखिएका कैफियतहरू सुधार गर्न सम्वन्धित निकाय, तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रतिवेदन दिनुपर्ने व्यवस्था रहेको छ।

कानूनले सम्वन्धित निकायको पनि जिम्मेवारी किटान गरेको छ। आन्तरिक लेखापरीक्षकलाइ लेखापरीक्षण गराउन स्रेस्ता उपलव्ध गराउने तथा लेखापरीक्षणबाट देखिएका कैफियत तथा बेरूजुलाई नियमित गर्ने गराउने जिम्मेवारी सम्वन्धित निकायको हो। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरूजुहरू अन्तिम लेखापरीक्षण अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल गरी बेरूजु लगत कट्टा गराई वित्तीय जवाफदेहिता पुरा गर्नुपर्ने कानूनी व्यवस्था छ। तालुक कार्यालयले समेत आफू मातहत निकायको आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरूजुहरू समयमै फस्यौंट गरे वा नगरेको अनुगमन गरी समयमै आन्तरिक लेखापरीक्षण बेरूजु फस्यौंट नगर्ने जिम्मेवार अधिकारीलाई सेवा सम्बन्धी प्रचलित कानून बमोजिम कारवाही गर्नुपर्दछ। कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय-व्यय तथा प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्नेछ र कोष तथा लेखा नियन्त्रक कार्यालयले समेत कार्यालयको राजस्व, धरौटी, विनियोजन तर्फको आय व्यय र प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था रहेको छ।

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

सबै कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको आन्तरिक लेखापरीक्षण सम्पन्न भएपश्चात् भदौ मसान्तभित्र जिल्लागत एकीकृत प्रतिवेदन तयार गरी महालेखा नियन्त्रक कार्यालयलाई पेश गर्नुपर्ने र उक्त प्रतिवेदनको आधारमा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। माथि उल्लिखित कानूनी प्रावधान, आन्तरिक लेखापरीक्षणमान तथा लेखापरीक्षणका सिद्दान्त तथा मार्गदर्शनमा रही कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण गरी प्राप्त भएको जिल्लागत एकीकृत वार्षिक प्रतिवेदनको आधारमा यो एकीकृत प्रतिवेदन तयार गरिएको छ।

## १.२ आन्तरिक लेखापरीक्षणको उद्देश्य

सरकारी निकायको निर्दिष्ट उद्देश्य हासिल गर्न सम्पादन गरिने कार्यक्रमहरू नियमित, मितव्ययी र प्रभावकारी रूपले भए वा नभएको परीक्षण गरी व्यवस्थापनलाई सुझाव दिनु यसको मुख्य उद्देश्य हो। यसका अतिरिक्त निम्न उद्देश्य पूरा गर्नु आन्तरिक लेखापरीक्षणको उद्देश्य रहेको छ।

(क) आर्थिक कारोबारको नियमितता, मितव्ययिता र प्रभावकारिता भए नभएको परीक्षण गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने,

(ख) प्रचलित कानून अनुसार आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रक्रियाको परीक्षण गरी वित्तीय जवाफदेहिता कायम राख्न सहयोग पुऱ्याउने,

(ग) अन्तिम लेखापरीक्षणका लागि स्रेस्ताहरू तयारी अवस्थामा राख्न लगाउने,

(घ) सङ्गठनलाई आवश्यक पर्ने वित्तीय प्रतिवेदनहरू समयमै सही र भरपर्दो रुपमा उपलव्ध गराउन सहयोग गर्ने,

(च) आर्थिक कारोबारमा बेरूजु र अनियमितता नहुने स्थिति सिर्जना गर्न व्यवस्थापनलाई सहयोग गर्ने,

(छ) सङ्गठनबाट सञ्चालन भएका कार्यक्रमहरू निर्धारित समयमा लक्षित उद्देश्य अनुरूप सम्पन्न गर्न सहयोग गर्ने,

(ज) आन्तरिक नियन्त्रण प्रणाली प्रयोगको अवस्था सम्बन्धमा जाँच गर्ने ।

## १.३ आन्तरिक लेखापरीक्षणको क्षेत्र

यस प्रतिवेदनमा आर्थिक वर्ष ०७८/७९ को विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष, तत्सम्वन्धी स्रेस्ता, प्रमाण, कागजात, विवरण, तथ्याङ्क सूचनाको साथै कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था, कानूनको परिपालना, सरकारी सम्पत्तिको संरक्षण र स्रोतको नतिजामूलक व्यवस्थापनको सम्बन्धमा आवश्यक परीक्षण गरी देखिएका कैफियत तथा बेरूजुहरूको सम्वन्धमा व्यवस्थापन समक्ष आवश्यक सुझाव प्रस्तुत गरिएको छ। लेखापरीक्षण गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता तथा मितव्ययिता जस्ता आधारहरू लिइएको छ।

यस लेखापरीक्षण प्रतिवेदनमा देहायको कार्यक्षेत्रमा केन्द्रित रही गरिएको लेखापरीक्षणबाट देखिएको कैफियत तथा व्यहोराहरू समावेश गरिएको छ।

(क) वित्तीय कारोबारको गणितीय शुद्धता,



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

(ख) प्रचलित कानूनको परिपालना,

(ग) वित्तीय स्रोतसाधनको उपयोग, (मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता),

(घ) निर्धारित लक्ष्य अनुरूप स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन,

(ङ) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता,

(च) स्वीकृत लेखामान, लेखाढाँचा तथा लेखा सिद्धान्त अनुरूपको लेखाङ्कन तथा प्रतिवेदन,

(छ) गत विगतको लेखापरीक्षण प्रतिवेदन सुधारको अवस्था।

## १.४ आन्तरिक लेखापरीक्षणका विधिहरू

लेखापरीक्षण गर्दा विषयवस्तु अनुसार प्रक्रियामूलक वा नतिजामूलक वा दुबै पद्धति अवलम्बन गरी परीक्षण गर्ने प्रयास गरिएको छ। यद्यपि मौजुदा जनशक्ति र उनीहरूको क्षमताको अवस्था जस्ता कारणले बढीभन्दा बढी प्रक्रियामूलक र वित्तीय लेखापरीक्षणमा नै सीमित रहेको छ। आगामी दिनमा यसमा क्रमश सुधार गर्दै लगिनेछ। लेखापरीक्षण गर्दा प्रवेश बैठकबाट शुरू गर्ने र वहिर्गमन बैठकबाट अन्त्य गर्ने अभ्यासको शुरूवात समेत गरिएको छ। कारोबारको प्रकृत्ति अनुसार भौचिङ, अवलोकन, भौतिक परीक्षण, तुलना, गणना, सुनिश्चितता (पुष्टिकरण), कागजात भिडान, सोधपुछ, छलफल, विवरण संकलन तथा विश्लेषण जस्ता विधिमध्ये कुनै वा अधिकांश विधिहरूको अवलम्वन गरी लेखापरीक्षण गरिएको छ।

## १.५. आन्तरिक लेखापरीक्षण बेरूजु शीर्षक वर्गीकरण

आन्तरिक लेखापरीक्षणको माध्यमबाट व्यवस्थापनलाई उपयुक्त राय सुझाव दिन समसामयिक सुधार गरी भविष्यमा आन्तरिक लेखापरीक्षणलाई अझैं प्रभावकारी बनाउन आ.व.२०७७/२०७८ देखि बेरूजुलाई विभिन्न मूल शीर्षकहरूमा वर्गीकरण गरी निम्न अनुसारका उप-शीर्षकहरूमा बेरूजु तथा कैफियत प्रविष्ट गर्ने र सोही बमोजिम प्रतिवेदन गर्ने व्यवस्था गरिएको छ।

| शीर्षक | कोड नं | बेरूजु शीर्षक |
|---|---|---|
| मूल शीर्षक | १०० | आन्तरिक नियन्त्रण |
| उपशीर्षक | १०१ | आन्तरिक नियन्त्रण प्रणाली तयार गरे वा नगरेको |
| उपशीर्षक | १०२ | निरीक्षण तथा सुपरीवेक्षणको कार्यान्वयन स्थिति |
| उपशीर्षक | १०३ | वित्तीय प्रतिवेदनहरूको सार्वजनिकरण |
| उपशीर्षक | १०४ | श्रेस्ता पेश नगरेको तथा नराखेको |
| उपशीर्षक | १०५ | अन्य |
| मूल शीर्षक | २०० | मलेप फारम र खाताहरूको प्रयोग |
| उपशीर्षक | २०१ | मर्मत संम्भार तथा संरक्षण आवेदन फारम र अभिलेख खाता (म.ले.प.फा. न. ४१४ र ४१५) |
| उपशीर्षक | २०२ | भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी बेगर भुक्तानी (म.ले.प.फा.न. |



सह–महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

| शीर्षक | कोड नं | बेरूजु शीर्षक |
|---|---|---|
| | | २२१) |
| उपशीर्षक | २०३ | भुक्तानी कारोवारको सिफारिस पत्र ( म.ले.प.फा.न. २०२) |
| उपशीर्षक | २०४ | नापी किताव ( म.ले.प.फा. ५०३) |
| उपशीर्षक | २०५ | ठेक्का लगत ( म.ले.प.फा. ५१२) |
| उपशीर्षक | २०६ | अन्य ( म.ले.प.फा.को प्रयोग) |
| मूल शीर्षक | ३०० | वार्षिक बजेट तथा कार्यक्रम |
| उपशीर्षक | ३०१ | वार्षिक लक्ष्य तथा प्रगति |
| उपशीर्षक | ३०२ | स्वीकृत वार्षिक बजेट र कार्यक्रम विपरित खर्च |
| उपशीर्षक | ३०३ | साल तमाममा बाँकी रकम फिर्ता |
| उपशीर्षक | ३०४ | बजेट उपशीर्षक तथा खर्च शीर्षक फरक पारी खर्च लेखेको |
| उपशीर्षक | ३०५ | अन्य |
| मूल शीर्षक | ४०० | पारिश्रमिक तथा सेवा सुविधा |
| उपशीर्षक | ४०१ | तलवी प्रतिवेदन |
| उपशीर्षक | ४०२ | बढी तलब तथा तलव वृद्धि (ग्रेड) |
| उपशीर्षक | ४०३ | कायम मुकायम तथा निमित्त तलब भत्ता सुविधा |
| उपशीर्षक | ४०४ | पोसाक भत्ता |
| उपशीर्षक | ४०५ | अन्य सुबिधा |
| मूल शीर्षक | ५०० | बढी भुक्तानी तथा आधार नभएको |
| उपशीर्षक | ५०१ | भ्रमण खर्च नियमावली विपरित भुक्तानी |
| उपशीर्षक | ५०२ | प्रचलित नर्म्स विपरीत भुक्तानी |
| उपशीर्षक | ५०३ | बिल वा भर्पाई बेगर भुक्तानी |
| उपशीर्षक | ५०४ | प्रमाणित पुष्टयाई कागजात नपुगेको तथा रित नपुगेको |
| उपशीर्षक | ५०५ | थप दस्तुर तथा कमिशन भुक्तानी |
| उपशीर्षक | ५०६ | बढी एंव दोहोरो भुक्तानी |
| उपशीर्षक | ५०७ | गलत पेस्की फर्स्यौट एंव भुक्तानी |
| उपशीर्षक | ५०८ | अन्य(माथि उल्लेखीत बाहेकका) |
| मूल शीर्षक | ६०० | खरिद व्यवस्थापन |
| उपशीर्षक | ६०१ | खरिद महाशाखा, शाखा वा इकाई |
| उपशीर्षक | ६०२ | खरिद योजना |
| उपशीर्षक | ६०३ | बोलपत्र जमानत |
| उपशीर्षक | ६०४ | सिलवन्दी दरभाउपत्र जमानत |
| उपशीर्षक | ६०५ | कार्यसम्पादन जमानत |
| उपशीर्षक | ६०६ | पेस्की भुक्तानी जमानत |
| उपशीर्षक | ६०७ | तोकिएको खरिद विधि र प्रकृयाबाट खरिद नभएको |
| उपशीर्षक | ६०८ | लागत अनुमान र स्विकृत |
| उपशीर्षक | ६०९ | कार्यसम्पन्न प्रतिवेदन |
| उपशीर्षक | ६१० | निर्माण कार्यको बीमा |



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

| शीर्षक | कोड नं | बेरूजु शीर्षक |
|---|---|---|
| उपशीर्षक | ६१० | मूल्य समायोजन ( मूल्यवृद्धि) |
| उपशीर्षक | ६११ | भेरियशन आदेश |
| उपशीर्षक | ६१२ | पुर्व निर्धारित क्षतिपुर्ति |
| उपशीर्षक | ६१३ | सम्झौताको अवधि थप ( म्याद थप) |
| उपशीर्षक | ६१४ | कन्टिजेन्सी |
| उपशीर्षक | ६१५ | अन्य (माथि उल्लेखित बाहेकका) |
| मूल शीर्षक | ७०० | कर व्यवस्थापन |
| उपशीर्षक | ७१० | मूल्य अभिबृद्धि |
| उपशीर्षक | ७११ | मूल्य अभिवृद्धि कर दर्ता |
| उपशीर्षक | ७१२ | मूल्य अभिबृद्धि कर कट्टा र दाखिला |
| उपशीर्षक | ७१३ | त्रुटिपुर्ण कर विजक |
| उपशीर्षक | ७१४ | अन्य |
| उपशीर्षक | ७२० | भुक्तानीमा कर कट्टा र दाखिला |
| उपशीर्षक | ७२१ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा र पारिश्रमिक कर कर कट्टी |
| उपशीर्षक | ७२२ | अग्रिम आयकर |
| उपशीर्षक | ७२३ | भाडा भुक्तानीमा कट्टीकर |
| उपशीर्षक | ७२४ | धरौटी कट्टा |
| उपशीर्षक | ७२५ | अन्य |
| मूल शीर्षक | ८०० | पेस्कीको जिम्मेवारी सारेको |
| उपशीर्षक | ८०१ | कर्मचारी पेस्की |
| उपशीर्षक | ८०२ | अन्य ( व्यक्ति तथा संस्था वा फर्म ) पेस्की |
| मूल शीर्षक | ९०० | सुझाव |
| उपशीर्षक | ९०१ | कार्यालयको सरसफाई तथा स्वास्थ्य सजगकता |
| उपशीर्षक | ९०२ | जनशक्ति व्यवस्थापन |
| उपशीर्षक | ९०३ | नागरिक बडापत्र तथा ग्राहकमैत्री व्यवहार |
| उपशीर्षक | ९०४ | अनुगमन तथा सुपरीवेक्षण |
| उपशीर्षक | ९०५ | त्रैमासिक योजना तथा प्रगति |
| मूल शीर्षक | १००० | अन्य- मूलशीर्षक र उप शीर्षक भित्र नपरेको |
| उपशीर्षक | १००१.१ | |
| मूल शीर्षक | ११०० | वैदेशिक लगानीमा संचालित आयोजना ( PCU ले तयार गर्ने) |
| उपशीर्षक | ११०१ | शोधभर्ना माग |
| उपशीर्षक | ११०२ | विवरणको अभिलेख |
| उपशीर्षक | ११०३ | भौचिङ र अनुसुचीको प्रयोग |
| उपशीर्षक | ११०४ | अन्य |
| मूल शीर्षक | १२०० | राजस्व |
| उपशीर्षक | १२०१ | तोकिएको राजस्व नलिएको तथा कम |

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

| शीर्षक | कोड नं | बेरूजु शीर्षक |
|---|---|---|
| | | लिएको |
| उपशीर्षक | १२०२ | समयमा दाखिला नगरेको |
| उपशीर्षक | १२०३ | शीर्षक फरक पारी दाखिला गरेको |
| उपशीर्षक | १२०४ | अभिलेख र निरीक्षण |
| उपशीर्षक | १२०५ | अन्य |
| मूल शीर्षक | १३०० | धरौटी |
| उपशीर्षक | १३०१ | असम्बन्धीत रकम धरौटी खातामा जम्मा |
| उपशीर्षक | १३०२ | धरौटी रकम जफत तथा सदरस्याह |
| उपशीर्षक | १३०३ | धरौटी रकम फिर्ता |
| उपशीर्षक | १३०४ | अन्य प्रयोजनमा खर्च |
| उपशीर्षक | १३०५ | बैंक हिसाब मिलान |
| उपशीर्षक | १३०६ | अन्य |
| मूल शीर्षक | १४०० | जिन्सी तथा सम्पत्ति व्यवस्थापन |
| उपशीर्षक | १४०१ | जिन्सी सामानको आम्दानी र खर्च |
| उपशीर्षक | १४०२ | जिन्सी निरीक्षण |
| उपशीर्षक | १४०३ | जिन्सी सामानको लिलाम बिक्री तथा हस्तान्तरण |
| उपशीर्षक | १४०४ | घरजग्गाको लगत किताब |
| उपशीर्षक | १४०५ | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग अवस्था |
| उपशीर्षक | १४०६ | बरबुझारथ |
| उपशीर्षक | १४०७ | अन्य |
| मूल शीर्षक | १५०० | कार्य सञ्चालन कोष |
| उपशीर्षक | १५०१ | कार्य सञ्चालन कोषको अवस्था |
| मूल शीर्षक | १६०० | गत बिगतको बेरूजु अभिलेख तथा सम्परीक्षण अवस्था |
| उपशीर्षक | १६०१ | तोकिएको ढाँचामा लगत राखे वा नराखेको |
| उपशीर्षक | १६०२ | फस्यौंट तथा फरफारक अवस्था |
| उपशीर्षक | १६०३ | अन्य |

## १.६ प्रतिवेदनका आधार एवं सीमाहरू

क. यस प्रतिवेदनमा संघीय सरकारी कार्यालय र अन्तरसरकारी अख्तियारीबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको रकमबाट सञ्चालित कार्यक्रमको लेखापरीक्षण व्यहोरा समावेश गरिएको छ।

ख. प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण तत् तत् तहबाट भई सोको प्रतिवेदन सम्वन्धित तहमा नै पेश गर्ने कानूनी व्यवस्था भएकोले यस प्रतिवेदनमा प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण व्यहोरा समावेश गरिएको छैन।

ग. प्रदेश तथा स्थानीय तहबाट आन्तरिक लेखापरीक्षणको लागि अनुरोध भई आएमा महालेखा नियन्त्रक कार्यालयको सहमतिमा कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्न सक्ने व्यवस्था अनुरूप गरिएको लेखापरीक्षणको प्रतिवेदन सम्वन्धित



सह–महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

तहमा नै पेश गरिएको छ। त्यस्तो लेखापरीक्षणको व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन।

घ. संघीय सरकारबाट स्थानीय तहमा प्रदान गरिएको अन्तरसरकारी अख्तियारी मध्ये छ सय अठासी स्थानीय तहको आन्तरिक लेखापरीक्षण सम्पन्न भई सोको प्रतिवेदन समावेश गरिएको छ। जनशक्तिको सीमितता, समयमा नै प्रतिवेदन पेश गर्नुपर्ने कानूनी दायित्व र कतिपय स्थानीय तहबाट स्रेस्ता पेश गर्न भएको ढिलाई जस्ता कारणले सबै अन्तरसरकारी अख्तियारी रकमको लेखापरीक्षण सम्पन्न हुन नसकेको हो।

ङ. संघीय सरकार अन्तर्गतका सरकारी निकायहरूको लेखापरीक्षण व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ। यद्यपि महालेखा परीक्षकको कार्यालयको आन्तरिक लेखापरीक्षण सम्वन्धित निकायबाट नै हुँदै आएको छ।

च. संघीय सरकारबाट पूर्ण वा आंशिक रूपमा अनुदान प्राप्त भई सञ्चालनमा रहेका बोर्ड, समिति वा संस्थाहरूको लेखापरीक्षण प्रचलित कानूनबमोजिम तत् तत् निकायबाट हुने व्यवस्था भएकोले त्यसको लेखापरीक्षण व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन।

छ. अन्तरसरकारी वित्तीय हस्तान्तरण (समानीकरण, समपूरक, विशेष, सशर्त अनुदान) रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरण हुने तर त्यस्ता निकायको आन्तरिक लेखापरीक्षण सम्वन्धित तहबाटै हुने कानूनी व्यवस्था भएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरण भएको अनुदान रकमको लेखापरीक्षणको व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन। तर हस्तान्तरण गरिएको अनुदान रकम कूल निकासा रकममा समावेश गरिएको छ।

ज. आयकर ऐन, २०५८ को दफा ८४ मा उल्लिखित सरकारी गोप्यता सम्वन्धी प्रावधान तथा भन्सार र आयकरको लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षकको समेत क्षमता विकास गर्नुपर्ने अवस्था रहेकोले राजस्वतर्फको आन्तरिक लेखापरीक्षण प्रतिवेदन बढीभन्दा बढी गैरकर राजस्वमा मात्र आधारित रहेको छ।

झ. विद्युतीय प्रणालीमा आधारित कार्यसञ्चालन प्रक्रियाका कारण एकल खाता कोष प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली, वित्तीय व्यवस्थापन सूचना प्रणाली लगायतका प्रणालीबाट उपलब्ध तथ्याङ्कहरूमा आधारित भई आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक विवरण तयार गरिएको छ।

ञ. सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण भई एकल खाता कोष प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा मिति २०७९/०७/१९ गते सम्म प्रविष्ट गरेको तथ्याङ्क र विवरणको आधारमा व्यवस्थापन सूचना प्रणाली (FMIS) मा प्राप्त विवरणलाई प्रतिवेदन तर्जुमाको आधार बनाइएको छ।

ट. आन्तरिक लेखापरीक्षण गर्दा नियमितता, प्रभावकारिता, कार्यदक्षता र मितव्ययिता जस्ता आधारहरू लिन सकिने व्यवस्था भएतापनि सीमित जनशक्ति र लेखापरीक्षकहरूको क्षमताको दायरामा समेत वृद्धि गर्नुपर्ने जस्ता कारणहरूले लेखापरीक्षण गर्दा बढीभन्दा बढी नियमिततालाई आधार बनाई गरिएको छ र यो प्रतिवेदन समेत त्यसैमा आधारित छ।

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

ठ. आन्तरिक लेखापरीक्षणबाट देखिएको कैफियत तथा बेरूजुको लगत अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपश्चात् कायम नरहने तथा कार्यालयले अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्न सक्ने र लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था भएकोले सोही बमोजिम कैफियत तथा बेरूजु फस्यौंट तथा सम्परीक्षण हुने हुँदा यस प्रतिवेदनमा समावेश गरिएको कैफियत तथा बेरूजुको विवरण सम्परीक्षण भई घटन सक्ने अवस्था रहन्छ।

### १.७ वार्षिक प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(११) मा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले प्रणालीमा प्रविष्टि गरेको तथ्याङ्क तथा वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त प्रतिवेदनको आधारमा तोकिएको समयमै यो प्रतिवेदन तयार गरी पेश गरिएको छ।

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

# परिच्छेद - २
# आन्तरिक लेखापरीक्षणको समग्र स्थिति

## २.१ आन्तरिक लेखापरीक्षणको अवस्थाको सारांश

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारका निकायले सञ्चालन गरेको कार्यक्रम र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गरेको अन्तरसरकारी अख्तियारी रकमबाट सञ्चालन गरिएको कार्यक्रमको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ। आन्तरिक लेखापरीक्षणको मुलभूत उद्देश्य व्यवस्थापनलाई सुझाव प्रदान गर्नु हो। आन्तरिक लेखापरीक्षण गर्दा देखिएको कैफियत तथा बेरूजुलाई असूल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र म्याद नाघेको पेस्की गरी तीन भागमा वर्गीकरण गरी प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनबाट देखिन आएको आन्तरिक लेखापरीक्षणको समग्र अवस्था देहाय वमोजिम रहेको छ।

क. आर्थिक वर्ष २०७८/७९ मा विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोष तर्फको लेखापरीक्षण गर्दा कूल २८ अर्ब ४९ करोड ३५ लाख बेरुजु कायम भएको छ।

ख. आर्थिक वर्ष २०७८/७९ मा रू. १६ खर्ब ३२ अर्ब ८२ करोड १६ लाख वजेट विनियोजन भएकोमा रू. १३ खर्ब ९ अर्ब ८७ करोड ४२ लाख निकासा खर्च भएको छ। लेखापरीक्षण गरिएको कूल विनियोजन रकममा आन्तरिक लेखापरीक्षणबाट रू. २७ अर्ब ११ करोड ६१ लाख ३५ हजार बेरूजु कायम भएको छ। कायम भएको बेरूजु रकम कुल निकासा खर्चको २.०७% हो। तर निकासा खर्च रकममा अन्तर सरकारी वित्तीय हस्तान्तरण (समानीकरण, सशर्त, समपूरक, विशेष) रकम रू ४ खर्ब ६ अर्ब ५ करोड ७९ लाख समेत समावेश गरिएको र यस्तो अनुदान रकमको आन्तरिक लेखापरीक्षण तत् तत् तहबाट हुने कानूनी व्यवस्था भएकोले निकासा खर्च भएको सबै रकमको लेखापरीक्षण यस प्रतिवेदनमा समावेश गरिएको छैन।

ग. आर्थिक वर्ष २०७८/७९ मा रू. ११ खर्ब ८० अर्ब ६० करोड ४ लाख राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा रू. ११ खर्ब १३ अर्ब ८४ करोड ८५ लाख मात्र राजस्व संकलन भएको देखिन्छ। लेखापरीक्षण गरिएको राजस्व रकममध्ये रू. १३ करोड २१ लाख रकम बेरूजु देखिन आएको छ। राजस्व कारोबारको सम्पूर्ण रकमको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन। आन्तरिक लेखापरीक्षण गैरकर राजस्वमा मात्र बढी केन्द्रित हुन पुगेको छ।

घ. आर्थिक वर्ष २०७८/७९ सम्मको कुल धरौटी आम्दानी ७१ अर्ब ७७ करोड ४२ लाख रहेको छ। यस वर्षको धरौटीतर्फको आन्तरिक लेखापरीक्षणबाट रू. ३६ करोड ३४ लाख बेरूजु कायम हुन आएको छ।

ङ. आर्थिक वर्ष २०७८/७९ को कार्यसञ्चालन कोष (विविध खाता) मा कुल आम्दानी रकम रू. १ खर्ब ३८ करोड ९४ लाख रहेको छ भने यस्तो कोषबाट रू. ७२ अर्ब ९३ करोड ९१ लाख खर्च भएको छ। कार्यसञ्चालन कोषबाट भएको कूल खर्चमा आन्तरिक लेखापरीक्षणबाट रू. ८८ करोड १८ लाख ९५ हजार बेरूजु कायम हुन आएको छ।

सह-महालेखा नियन्त्रक    महालेखा नियन्त्रक

च. पेस्कीतर्फ म्याद नाघेको पेस्की रू. १७ अर्ब ९६ करोड ३७ लाख देखिन आएको छ। म्याद ननाघेको पेस्कीलाई बेरूजु कायम नगरिएकोले यस प्रतिवेदनमा समावेश गरिएको छैन।

छ. बेरूजुको प्रकृत्तिअनुसार लेखापरीक्षण गरिएको कूल रकममध्ये रू. १ अर्ब १२ करोड १ लाख असुल गर्नुपर्ने, रू. ९ अर्ब ४० करोड ९६ लाख नियमित गर्नुपर्ने र रू. १७ अर्ब ९६ करोड ३७ लाख म्याद नाघेको पेस्की गरी जम्मा रू. २८ अर्ब ४९ करोड ३५ लाख बेरूजु कायम हुन आएको छ। कूल बेरूजु रकममा पेस्की रकमको मात्रा उल्लेख्य रहेको पाइन्छ।

ज. आर्थिक वर्ष २०७७/७८ को बेरूजु अङ्क रू.२५ अर्ब २६ करोड ५० लाख देखिएकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो बेरूजु रू. २८ अर्ब ४९ करोड ३५ लाख देखिएको छ। आर्थिक वर्ष २०७८/७९ को तुलानामा यो रकम रू. ३ अर्ब २२ करोड ८५ लाखले बढी हो।

झ. प्रणालीमा प्रविष्ट गरिएको विवरणको आधारमा आर्थिक वर्ष २०७८/७९ मा ४,७९६ निकायको लेखापरीक्षण सम्पन्न भएको छ। यो संख्यामा संघीय कार्यालय, अन्तरसरकारी अख्तियारी अन्तर्गत प्रदेश सरकारका ११ वटा कार्यालय र ६८८ स्थानीय तह तथा विशेष कार्य प्रकृति भई अस्थायी रुपमा स्थापना भएका कार्यालयहरु समावेश भएको छ। संघीय सरकारबाट पूर्ण वा आंशिक अनुदान प्राप्त गरेको तर प्रचलित कानून बमोजिम तत् तत् निकायबाट नै आन्तरिक लेखापरीक्षण हुने व्यवस्था भएको निकायको लेखापरीक्षण गरिएको छैन।

ञ. प्रदेश तथा स्थानीय तहको अनुरोधमा महालेखा नियन्त्रक कार्यालयको सहमतिबमोजिम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्तो प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण गर्न सक्ने व्यवस्था अनुसार आर्थिक वर्ष २०७८/७९ मा बीसवटा स्थानीय तहको मात्र आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। यस कानूनी प्रावधान बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गरिएको आन्तरिक लेखापरीक्षणको प्रतिवेदन तत् तत् तहमा नै पेश गरिएकोले यस प्रतिवेदनमा समावेश गरिएको छैन।

ट. विदेशस्थित नेपाली नियोगको कारोबारको प्रकृत्ति र परिमाणको आधारमा महालेखा नियन्त्रक कार्यालयले लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षण खटाउन सक्ने कानूनी प्रावधान बमोजिम पाँचवटा विदेशस्थित कुटनैतिक नियोगहरूको आर्थिक वर्ष २०७८/७९ को कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको छ। विदेशस्थित नेपाली नियोगको कारोबार छुट्टै कार्यालयको रुपमा निकासा नभई परराष्ट्र मन्त्रालय मार्फत नै हुने भएकोले प्रतिवेदनमा छुटै समावेश गरिएको छैन। सो कारोबार परराष्ट्र मन्त्रालयको विवरणमा समाविष्ट भएको छ।

## २.२ आन्तरिक लेखापरीक्षकको दरवन्दी र पदपुर्तिको अवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८३ (१) तथा आन्तरिक लेखापरीक्षक खटाउने मापदण्ड, २०७७ बमोजिम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा रिक्त रहेका देहाय बमोजिम आन्तरिक लेखापरीक्षण अधिकृत र आन्तरिक लेखापरीक्षण सहायक खटाइएको छ। दरवन्दी अनुसार आन्तरिक लेखापरीक्षकको व्यवस्थापन

गर्ने कार्य निरन्तर हुँदै आएको भएतापनि यथोचित रूपमा पदपुर्ति हुन सकेको छैन। यसबाट सबै सरकारी निकायको त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गर्न चुनौती सिर्जना भएको छ। कूल २३० दरवन्दी स्वीकृत भएको भएतापनि साविक विनियोजन तर्फ नै कार्यरत जनशक्तिबाट मात्र पुर्ति गर्नुपर्ने अवस्थाले स्वीकृत दरवन्दीमा जनशक्ति खटाउन सकेको देखिदैन। कारोबारको प्रकृत्ति तथा कार्यवोझ र कार्यचापको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आन्तरिक लेखापरीक्षकको दरवन्दी र पदपुर्तिको अवस्था तालिका-१ मा देखाइएको छ।

**तालिका- १**

**आन्तरिक लेखापरीक्षकको दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद विवरण | स्वीकृत दरबन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|
| १ | आन्तरिक लेखापरीक्षण अधिकृत | ६६ | २१ |
| २ | आन्तरिक लेखापरीक्षण सहायक | १६४ | ७४ |
| कुल जम्मा | | २३० | ९५ |

स्रोतः कर्मचारी प्रशासन शाखा, मलेनिका ।

## २.३ विनियोजनतर्फ लेखापरीक्षण गरिएको निकाय तथा रकमगत व्यहोरा

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारका कार्यालय र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको अन्तरसरकारी अख्तियारीबाट सञ्चालित कार्यक्रमको आन्तरिक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएको निकाय र सोको रकमगत व्यहोरा तालिका-२ मा उल्लेख गरिएको छ।

**तालिका- २**

**लेखापरीक्षण गरिएको निकाय तथा रकमगत व्यहोरा**

| क्र.सं. | लेखापरीक्षण गरिएको निकाय | कुल बजेट रु. लाख | निकासा/खर्च | कार्यालय संख्या | बेरुजु रकम |
|---|---|---|---|---|---|
| १ | संघ | १६३२८२१६.०० | १३०९८७४२.७३ | ४०९७ | १६४६६५.२९ |
| २ | प्रदेश (अख्तियारी) | | | ११ | २८.२९ |
| ३ | स्थानीय तह (अख्तियारी) | | | ६८८ | १०६४६७.७७ |
| कुल जम्मा | | १६३२८२१६.०० | १३०९८७४२.७३ | ४७९६ | २७११६१.३५ |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०७८/७९ मा कूल १६ खर्व ३२ अर्व ८२ करोड १६ लाख बजेट विनियोजन भएकोमा रू. १३ खर्ब ९ अर्ब ८७ करोड रकम निकासा भएको छ। प्रणालीमा प्रविष्ट भएको विवरण अनुसार चारहजार सात सय छयानब्बे कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। निकासा खर्च भएको कूल रकममा तुलना गर्दा आर्थिक वर्ष २०७८/७९ मा विनियोजनतर्फ



नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं
सह-महालेखा नियन्त्रक
महालेखा नियन्त्रक

रू. २७ अर्ब ११ करोड ६१ लाख रकम बेरूजु कायम भएको छ। बेरूजुको प्रकृत्ति विश्लेषण गर्दा समेत एकै प्रकृत्तिको बेरूजु वर्षेनी दोहोरिने गरेको देखिएकोले सम्वन्धित पदाधिकारीलाई यसतर्फ जिम्मेवार बनाइनुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्ने उल्लेख भए तापनि बार्षिक बजेट विनियोजनको तुलनामा ८०.२२ प्रतिशत मात्र खर्च भएको छ। पर्याप्त पूर्व तयारी नगरी बजेट विनियोजन गर्ने, प्राविधिक अध्ययन विना बजेट माग गर्ने तथा आर्थिक वर्षको शुरूवात देखि नै ठेक्का बन्दोबस्त नगर्ने जस्ता कारणहरू यसमा जिम्मेवार छन। यस्ता प्रवृत्तिहरूलाई निरूत्साहन गर्दै खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्दछ।

## २.४ विनियोजन, राजश्व, धरौटी र कार्य सञ्चालन कोष तथा विविधको लेखापरीक्षण विवरण

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारको विनियोजन, राजश्व, धरौटी र कार्य सञ्चालन कोष तथा विविध (खर्च) कारोबारको लेखापरीक्षण गरिएकोमा विनियोजनमा रू. २७ अर्ब ११ करोड ६१ लाख, राजश्वतर्फ रू.१३ करोड २१ लाख, धरौटी तर्फ ३६ करोड ३४ लाख र कार्य सञ्चालन कोष तथा विविध (खर्च) तर्फ ८८ करोड १८ लाख बेरूजु कायम भएको देखिन्छ। विनियोजनतर्फ संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई अन्तरसरकारी अख्तियारी अन्तर्गत प्रदान गरेको रकम समेत समावेश गरिएको छ। कारोबार रकमको आधारमा राजस्वतर्फ आन्तरिक लेखापरीक्षणको बेरूजु न्यून देखिनुमा सबै राजस्व कारोबारको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन। आन्तरिक लेखापरीक्षकहरूको क्षमता विकासमा अभिवृद्धि गर्दै राजस्वको सबै कारोबारलाई आन्तरिक लेखापरीक्षणको दायरामा ल्याउन आवश्यक देखिन्छ। कारोबारगत आधारमा देखिएको बेरूजुको विवरणलाई निम्नअनुसार तालिका- ३ मा देखाइएको छ।

**तालिका- ३**

**कारोबारगत आधारमा बेरूजु विवरण**


| क.सं. | कारोबार | कारोबार रकम | बेरुजु रकम | बेरुजु प्रतिशत |
|---|---|---|---|---|
| १ | बिनियोजन | १३,०९८,७४२.७३ | २७१,१६१.३५ | २.०७ |
| २ | राजश्व | ११,१३८,४८५.१४ | १,३२१.३७ | ०.०१ |
| ३ | धरौटी (आम्दानी) | ७१७,७४२.९७ | ३,६३४.२४ | ०.५१ |
| ४ | कार्यसञ्चालन कोष तथा विविध (खर्च) | १,००३,८९४.२७ | ८,८१८.९५ | ०.८८ |
| | कुल जम्मा | २५,९५८,८६५.११ | २८४,९३५.९१ | १.१० |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोष तथा विविधतर्फको बेरुजुको विवरणलाई तलको चार्टमा प्रस्तुत गरिएको छ।

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक




## २.५ बजेट वर्गीकरण अनुसार लेखापरीक्षणको व्यहोरा

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकार अन्तर्गत विनियोजित बजेटमा आन्तरिक लेखापरीक्षण गर्दा चालु, पुँजीगत र वित्तीय व्यवस्थामा विनियोजित भएको कूल रकममध्ये चालुतर्फ ९ खर्ब ५४ अर्ब ३१ करोड, पुँजीगततर्फ २ खर्ब १६ अर्ब ८ करोड ६२ लाख र वित्तीय व्यवस्थातर्फ १ खर्ब ३९ अर्ब ४७ करोड ९ लाख निकासा खर्च भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणबाट चालु खर्चमा रू. ११ अर्ब ५६ करोड १९ लाख र पुँजीगत खर्चमा १५ अर्ब ५५ करोड ४१ लाख बेरूजु कायम भएको देखिन्छ भने वित्तीय व्यवस्थामा बेरुजु शुन्य रहेको छ। बजेट बर्गीकरण अनुसारको लेखापरीक्षण व्यहोरालाई देहायको तालिका- ४ मा देखाइएको छ।

**तालिका- ४**

**वजेट वर्गीकरण अनुसार लेखापरीक्षणको व्यहोरा**

| क.सं. | विवरण | कुल बजेट | निकासा/खर्च | बेरुजु | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | चालु | १०,५९५,७००.५७ | ९,५४३,१७०.४० | ११५,६१९.७५ | १.२१ |
| २ | पुँजीगत | ३,७५३,६७०.०१ | २,१६०,८६२.५९ | १५५,५४१.६१ | ७.२० |
| ३ | वित्तिय व्यवस्था | १,९७८,८४६.०० | १,३९४,७०९.७४ | ० | ०.०० |
| | कुल जम्मा | १६,३२८,२१६.५८ | १३,०९८,७४२.७३ | २७१,१६१.३५ | २.०७ |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

**द्रष्टव्यः** निकासा/खर्च रकममा प्रदेश, स्थानीयतह, अन्य संघसंस्थालाई प्रदान गरिएको अनुदान समावेश भएको । तर उक्त रकमको आन्तरिक लेखापरीक्षण नभएको ।

उक्त तालिकालाई निम्नानुसार चार्टमा समेत देखाइएको छ।




नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

महालेखा नियन्त्रक

सह-महालेखा नियन्त्रक

विनियोजनको लेखापरीक्षण बेरुजु




विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने तथा चालु खर्च नियन्त्रण गर्दै पुंजीगत खर्च वृद्धि गर्ने सरकारको नीति भएतापनि चालु खर्चको तुलनामा पुँजीगत खर्च न्यून विनियोजन हुनु तथा विनियोजित बजेटमा पनि न्यून पुँजीगत खर्च हुनुले सरकारले लिएको नीति पूरा हुने देखिदैन। आर्थिक वर्ष ०७८/७९ मा कुल बजेटको चालु, पुँजीगत र वित्तीय व्यवस्थामा क्रमशः ६४.८९ प्रतिशत, २२.९९ प्रतिशत र १२.१२ प्रतिशत बजेट विनियोजन भएकोमा विनियोजनको तुलनामा चालु, पुँजीगत र वित्तीय व्यवस्थामा क्रमशः ९०.०७ प्रतिशत, ५७.५७ प्रतिशत र ७०.४८ प्रतिशत खर्च भएको देखिन्छ। अनिवार्य दायित्वको खर्च बढ्दै जानु, स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरणको रकम चालु खर्चमा लेखाङ्कन गरिनु तथा ऋणको व्याज भुक्तानी बढ्दै जानु जस्ता कारणहरू यसमा जिम्मेवार छन्। विकास निर्माण र सेवा प्रवाहलाई ध्यान दिई पुँजीगत खर्चमा बढोत्तरी गर्दै लैजानुपर्दछ।

## २.६ बेरूजु वर्गीकरण अनुसार लेखापरीक्षणको अवस्था

आर्थिक वर्ष २०७८/७९ मा लेखापरीक्षण गरिएको रकममध्ये कूल बेरूजु २८ अर्ब ४९ करोड ३५ लाख रहेको छ। जसमध्ये रू. १ अर्ब १२ करोड १ लाख असुल गर्नुपर्ने बेरूजु देखिएको छ। त्यस्तै रू. ९ अर्ब ४० करोड ९६ लाख नियमित गर्नु पर्ने बेरूजु र रू. १७ अर्ब, ९६ करोड, ३७ लाख म्याद नाघेको पेश्की बेरूजु रहेको छ। यो बेरूजु कूल बेरूजुमा तुलना गर्दा तीन प्रतिशत असुल गर्नुपर्ने, तेत्तीस प्रतिशत नियमित गर्नुपर्ने र त्रिसठी प्रतिशत म्याद नाघेको पेश्की हुन आउछ। अन्य बेरूजुको तुलनामा पेस्की बेरूजुको मात्रा उल्लेख्य रहेको छ। कानूनको परिपालनामा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस प्रकृत्तिको बेरूजुलाई निरूत्साहन गर्दै लैजान आवश्यक देखिन्छ। बेरूजु बर्गीकरण अनुसारको लेखापरीक्षणको अवस्थालाई तालिका-५ मा प्रस्तुत गरिएको छ।

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक


**तालिका- ५**

**बेरूजु वर्गीकरण अनुसार लेखापरीक्षणको अवस्था**

| क्र.सं. | वर्गीकरण | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | १,१२०,१६९,८७७.८३ | ३.९३ |
| २ | नियमित गर्नुपर्ने | ९,४०९,६४९,२२६.४५ | ३३.०२ |
| ३ | म्याद नाघेको पेश्की | १७,९६३,७७३,६७९.१८ | ६३.०४ |
| कुल जम्मा | | २८४९३५९२७८३.४६ | १०० |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकालाई निम्न चार्टमा समेत प्रस्तुत गरिएको छ।




## २.७ आर्थिक वर्षअनुसार बेरूजुको तुलनात्मक विवरण

आर्थिक वर्ष २०७६/७७ मा गरिएको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रकम १ अर्ब ८ करोड ८५ लाख रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १ अर्ब १२ करोड १ लाख रहेको देखिन्छ । त्यस्तै नियमित गर्नुपर्ने रकम आर्थिक वर्ष ०७६/७७ मा ३ अर्ब ३३ करोड १ लाख रहेको छ भने आर्थिक वर्ष ०७८/७९ मा सो रकम बढेर ९ अर्ब ४० करोड ९६ लाख पुगेको छ। म्याद नाघेको पेस्कीतर्फ आर्थिक वर्ष ०७६/७७ मा ६ अर्ब ९८ करोड १२ लाख रहेकोमा आर्थिक वर्ष ०७८/७९ मा १७ अर्ब ९६ करोड पुगेको देखिन्छ। तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको विवरण अनुसार अघिल्लो आर्थिक वर्षमा तुलना गर्दा असुल गर्नुपर्ने रकम र नियमित गर्नुपर्ने रकममा उल्लेख्य वृद्धि भएको देखिन्छ। विगत तीन आर्थिक वर्षको बेरूजुको तुलनात्मक विवरणलाई तालिका- ६ मा प्रस्तुत गरिएको छ।



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक


## तालिका- ६

### आर्थिक वर्षअनुसार बेरूजुको तुलनात्मक विवरण

| क्र.सं. | वर्गीकरण | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अंक (रु.लाखमा) | | | अघिल्लो वर्षकोमा |
|---|---|---|---|---|---|
| | | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/८९ | बृदि/कम प्रतिशत |
| १ | असुल गर्नुपर्ने | १०,८८५.७३ | ५,९१९.२८ | ११,२०१.६९ | ८९.२४ |
| २ | नियमित गर्नुपर्ने | ३३,३०१.५५ | ६९,५७३.१८ | ९४,०९६.४९ | ३५.२५ |
| ३ | म्याद नाघेको पेश्की | ६९,८१२.१९ | १७७,१५७.९५ | १७९,६३७.७३ | १.४० |
| कुल जम्मा | | ११३९९९.४७ | २५२६५०.४१ | २८४९३५.९१ | १२.७८ |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

विगत तीन आर्थिक वर्षको बेरूजुको तुलनात्मक विवरण निम्न चार्टमा देखाइएको छ।




## २.८ रकमगत आधारमा बढी बेरुजु हुने केन्द्रीय निकायहरू

आर्थिक वर्ष २०७८/७९ मा गरिएको आन्तरिक लेखापरीक्षण अनुसार सबैभन्दा बढी बेरूजु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रू. ७ अर्ब ८ करोड २ लाख रहेको छ। त्यस्तै शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र गृह मन्त्रालयमा क्रमश बढी बेरूजु देखिन्छ। बढी बेरूजु देखिएका पाँच केन्द्रीय निकायहरूलाई तालिका- ७ मा देखाइएको छ।



नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं
सह-महालेखा नियन्त्रक
महालेखा नियन्त्रक

## तालिका-७

### रकमगत आधारमा बढी बेरूजु भएका पाँच केन्द्रीय निकायहरु

| क्र.सं. | मन्त्रालय/निकाय | बेरूजु रकम | | | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | असुल गर्नु पर्ने (रु. लाखमा) | नियमित गर्नु पर्ने (रु. लाखमा) | म्याद नाघेको पेस्की (रु. लाखमा) | |
| १ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २,६८१.६७ | १४,०६९.२२ | ५४,०५१.५३ | ७०,८०२.४२ |
| २ | शहरी विकास मन्त्रालय | ९९८.९९ | ४,४०३.२६ | १४,२८९.४७ | १९,६९१.७२ |
| ३ | खानेपानी मन्त्रालय | २४.६२ | ४,११३.९३ | ११,५६१.११ | १५,६९९.६६ |
| ४ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ८३.४१ | १,३५७.५६ | १२,३८७.७० | १३,८२८.६७ |
| ५ | गृह मन्त्रालय | १६.६६ | ३६४.२१ | १२,२९८.०६ | १२,६७८.९२ |

*स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।*

## २.९ बेरूजुको केन्द्रीय निकाय/मन्त्रालयगत सारांश

आर्थिक वर्ष २०७८/७९ मा गरिएको आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरूजुको केन्द्रीय निकायगत सारांश तलको तालिका- ८ मा देखाइएको छ। केन्द्रीय निकायको प्रकारगत आन्तरिक लेखापरीक्षण बेरुजु प्रतिवेदन नं. ४४२० मा यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

## तालिका- ८

### बेरूजुको केन्द्रीय नियकायगत सारांश

| क्र.सं. | मन्त्रालय/निकाय | बेरूजु रकम | | | जम्मा बेरूजु |
|---|---|---|---|---|---|
| | | असुल गर्नु पर्ने (रू. लाखमा) | नियमित गर्नु पर्ने (रू. लाखमा) | म्याद नाघेको पेस्की (रू. लाखमा) | |
| १ | प्रदेश प्रमुखहरु | ०.१५ | ०.०४ | ०.०० | ०.१९ |
| २ | संघीय संसद | ०.०० | ०.०० | ५५.६३ | ५५.६३ |
| ३ | अदालत | ९२.०२ | २८०.३१ | ५६.३९ | ४२८.७२ |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ०.०० | ०.०० | २२.५० | २२.५० |
| ५ | लोक सेवा आयोग | ०.०६ | ७.७१ | ६.०५ | १३.८२ |
| ६ | निर्वाचन आयोग | ६०.१० | १६६.११ | १८.९६ | २४५.१८ |
| ७ | राष्ट्रिय मानव अधिकार आयोग | ०.०० | ०.७२ | ०.०० | ०.७२ |
| ८ | न्याय परिषद् | ०.०८ | ०.०० | ०.०० | ०.०८ |
| ९ | राष्ट्रिय महिला आयोग | ०.१२ | ३.६७ | ०.०० | ३.८० |
| १० | आदिवासी जनजाति आयोग | ०.१४ | ०.०० | ०.०० | ०.१४ |
| ११ | मधेशी आयोग | ०.०७ | ०.०० | ०.०० | ०.०७ |
| १२ | मुस्लिम आयोग | ०.०० | ०.०० | ०.३० | ०.३० |



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

| क्र.सं. | मन्त्रालय/निकाय | बेरूजु रकम | | | जम्मा बेरूजु |
|---|---|---|---|---|---|
| | | असुल गर्नु पर्ने (रू. लाखमा) | नियमित गर्नु पर्ने (रू. लाखमा) | म्याद नाघेको पेस्की (रू. लाखमा) | |
| १३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२.६८ | १,१४०.०३ | १७७.२९ | १,३२९.९९ |
| १४ | अर्थ मन्त्रालय | ४३.४२ | ६७६.३६ | २२५.४१ | ९४५.१९ |
| १५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २५.३५ | ८९.२६ | १०६.९७ | २२१.५८ |
| १६ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ८३.४१ | १,३५७.५६ | १२,३८७.७० | १३,८२८.६७ |
| १७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ०.५३ | १.७६ | ८७.३५ | ८९.६४ |
| १८ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५९.३९ | ३८३.५२ | ६९७.३९ | १,१४०.२९ |
| १९ | खानेपानी मन्त्रालय | २४.६२ | ४,११३.९३ | ११,५६१.११ | १५,६९९.६६ |
| २० | गृह मन्त्रालय | १६.६६ | ३६४.२१ | १२,२९८.०६ | १२,६७८.९२ |
| २१ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८.६३ | १.४७ | ३६९.५४ | ३७९.६३ |
| २२ | परराष्ट्र मन्त्रालय | १.४२ | ०.०० | ९,२४०.३४ | ९,२४१.७६ |
| २३ | वन तथा वातावरण मन्त्रालय | १३.११ | ७२.४४ | १२९.६५ | २१५.२० |
| २४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २००.५८ | ४,०२०.६९ | ८१.२१ | ४,३०२.४८ |
| २५ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २,६८१.६७ | १४,०६९.२२ | ५४,०५१.५३ | ७०,८०२.४२ |
| २६ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ०.०२ | ३.७२ | १३.८८ | १७.६१ |
| २७ | युवा तथा खेलकूद मन्त्रालय | ०.६६ | १३०.७१ | ७७२.४० | ९०३.७७ |
| २८ | रक्षा मन्त्रालय | १५.९६ | ३०.७२ | ५,८१७.७१ | ५,८६४.३९ |
| २९ | शहरी विकास मन्त्रालय | ९९८.९९ | ४,४०३.२६ | १४,२८९.४७ | १९,६९१.७२ |
| ३० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ९४.५३ | ५७.३२ | १५१.७२ | ३०३.५७ |
| ३१ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०.०० | ८४.१७ | १,५०८.६० | १,६१२.७७ |
| ३२ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०९.०१ | ४८६.८४ | १०,९७७.५१ | ११,६७३.३५ |
| ३३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ७०६.६५ | ५,४०८.१८ | ५२१.३१ | ६,६३६.१३ |
| ३४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १.७३ | ३२.४७ | १४.९० | ४९.११ |
| ३५ | राष्ट्रिय योजना आयोग | २.६६ | ३.९८ | १५.४८ | २२.१२ |
| ३६ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ०.०३ | ९.६३ | ६.०० | १५.६६ |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

| क्र.सं. | मन्त्रालय/निकाय | बेरूजु रकम | | | जम्मा बेरूजु |
|---|---|---|---|---|---|
| | | असुल गर्नु पर्ने (रू. लाखमा) | नियमित गर्नु पर्ने (रू. लाखमा) | म्याद नाघेको पेस्की (रू. लाखमा) | |
| ३७ | प्रदेश | १६.२९ | २.२९ | १२.०० | ३०.५८ |
| ३८ | स्थानीय तह | ५,८१०.९८ | ५६,६९४.२० | ४३,९६३.३९ | १०६,४६८.५७ |
| | **कूल जम्मा** | **११,२०१.७०** | **९४,०९६.४९** | **१७९,६३७.७४** | **२८४,९३५.९३** |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

## २.१० आन्तरिक लेखापरीक्षणको संघीय बेरूजुको प्रदेशगत विवरण

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारको आन्तरिक लेखापरीक्षणबाट रू. २८ अर्ब ४९ करोड ३५ लाख बेरूजु कायम भएकोमा सबैभन्दा बढी बेरूजु बागमती प्रदेश अन्तर्गत १० अर्ब ४८ करोड ७६ लाख रहेको छ। सबैभन्दा बढी बेरूजु बागमती प्रदेशमा देखिनुमा केन्द्रीय निकायहरुको संख्या यस प्रदेशभित्र बढी रहनु हो। प्रदेशगत बेरूजुको विवरण तलको तालिका-९ मा देखाइएको छ।

**तालिका- ९**

**संघीय बेरूजुको प्रदेशगत विवरण**

| प्रदेश | बेरुजु रकम | | | |
|---|---|---|---|---|
| | असुल गर्नु पर्ने (रु. लाख) | नियमित गर्नु पर्ने (रु. लाख) | म्याद नाघेको पेस्की (रु. लाख) | जम्मा रु. लाख |
| प्रदेश नं. १ | ९०७.३५ | २५४९४.८२ | २१३४२.९७ | ४७७४५.१४ |
| मधेश प्रदेश | ३३२७.२७ | २४४८५.२८ | १९६४०.६६ | ४७४५३.२१ |
| वागमती प्रदेश | ८०४.७९ | १५१४३.९४ | ८८९२७.८३ | १०४८७६.५६ |
| गण्डकी प्रदेश | १३५.०० | ४८३८.९५ | १७४३४.६२ | २२४०८.५७ |
| लुम्बिनी प्रदेश | १११३.५३ | २०१५६.९० | १२८०४.६० | ३४०७५.०३ |
| कर्णाली प्रदेश | १८१.६८ | २१७९.४३ | ३८३५.२५ | ६१९६.३५ |
| सुदुरपश्चिम प्रदेश | ४७३२.०६ | १७९७.१८ | १५६५१.८२ | २२१८१.०७ |
| कूल बेरुजु | ११२०१.७० | ९४०९६.४९ | १७९६३७.७४ | २८४९३५.९३ |

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

## २.११ जिल्लागत विवरणको सारांश

आर्थिक वर्ष २०७८/७९ मा गरिएको आन्तरिक लेखापरीक्षणबाट जिल्लागत रूपमा देखिएको बेरूजुको सारांश तालिक- १० मा उल्लेख गरिएको छ। जिल्लाको प्रकारगत आन्तरिक लेखापरीक्षण बेरुजु प्रतिवेदन नं. ४४२१ मा यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

## तालिका- १०

### जिल्लागत बेरूजुको सारांश

| जिल्ला | बेरूजु रकम | | | |
|---|---|---|---|---|
| | असुल गर्नु पर्ने (रू. लाख) | नियमित गर्नु पर्ने (रू. लाख) | म्याद नाघेको पेस्की (रू. लाख) | जम्मा रू. लाखमा |
| ताप्लेजुङ | ३.९१ | ०.४४ | १,४२१.३० | १,४२५.६५ |
| पाँचथर | ३०.३५ | १२.३४ | १८६.०० | २२८.६९ |
| इलाम | ०.२१ | ६,५०७.२० | ०.०० | ६,५०७.४१ |
| सङ्खुवासभा | ०.४६ | २,१८७.२७ | २१६.६५ | २,४०४.३८ |
| तेह्रथुम | ०.३७ | ७६.७२ | ०.०२ | ७७.११ |
| धनकुटा | २.२८ | १५२.२४ | १,३१५.७१ | १,४७०.२३ |
| भोजपुर | ५२.१२ | ९३६.३६ | ६०.०० | १,०४८.४८ |
| खोटाङ | ०.०० | ०.०० | १,०४८.४३ | १,०४८.४३ |
| सोलुखुम्बु | ०.०० | ५.१५ | ९.२१ | १४.३६ |
| ओखलढुंगा | ९.६१ | ०.३३ | ७६३.१६ | ७७३.११ |
| उदयपुर | १.५८ | २.२४ | ५,५१७.२७ | ५,५२१.१० |
| झापा | ३४३.८७ | १३,८९४.४९ | ०.०० | १४,२३८.३६ |
| मोरङ | १७.१० | २१८.८६ | २,०९२.६१ | २,३२८.५७ |
| सुनसरी | ४४५.५१ | १,५०१.१६ | ८,७१२.६० | १०,६५९.२७ |
| सप्तरी | ७.७५ | ७,४६१.९६ | २,४६८.७७ | ९,९३८.४८ |
| सिराहा | १७.६७ | ६,९१४.७८ | ५,८४६.४८ | १२,७७८.९३ |
| धनुषा | ८.१० | १,३६५.२० | ५,०७७.६७ | ६,४५०.९८ |
| महोत्तरी | १५.०८ | ४६४.४० | १,०७२.२६ | १,५५१.७४ |
| सर्लाही | ३६.२० | ५२३.३५ | २,४४५.०३ | ३,००४.५८ |
| रौतहट | १८.३७ | ३२३.४५ | १,९६५.७९ | २,३०७.६१ |
| बारा | १८.०५ | १,९४४.९८ | ७६४.६६ | २,७२७.६९ |
| पर्सा | ३,२०६.०५ | ५,४८७.१६ | ०.०० | ८,६९३.२१ |
| दोलखा | १.४७ | ०.०० | १,५८४.६२ | १,५८६.०९ |
| सिन्धुली | २५.१३ | २०.५९ | ३३.१९ | ७८.९२ |
| काभ्रेपलान्चोक | २४.९३ | १७.५२ | ०.०० | ४२.४५ |
| सिन्धुपाल्चोक | १५.१४ | २,३२१.३५ | १३५.४६ | २,४७१.९४ |
| रसुवा | २१.२७ | १६०.४१ | ३.९० | १८५.५८ |
| नुवाकोट | १.२० | ६७.७६ | ७४९.१६ | ८१८.१३ |
| धादिङ | १.५६ | ४,९०५.०९ | १,७७९.८८ | ६,६८६.५३ |
| चितवन | ३६.५८ | १,२७७.३६ | ६,०५९.५३ | ७,३७३.४७ |
| मकवानपुर | ४.९४ | २५.३७ | ३,४४६.१४ | ३,४७६.४६ |
| भक्तपुर | ४.७१ | ८३३.९२ | १,४०२.३८ | २,२४१.०१ |
| ललितपुर | २५.९४ | ४२.८१ | १५,५०९.७८ | १५,५७८.५३ |
| बबरमहल, काठमाडौं | ५८७.२४ | २,८३८.४१ | १५,७४५.३५ | १९,१७१.०० |
| त्रिपुरेश्वर, काठमाडौं | ४०.०८ | २९८.१२ | ७१७.४८ | १,०५५.६९ |
| सुन्धारा, काठमाडौं | ०.०० | ०.०० | ५,८१७.७१ | ५,८१७.७१ |
| लैनचौर, काठमाडौं | १२.०२ | १.५७ | २५,८४५.३४ | २५,८५८.९२ |



नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| जिल्ला | बेरूजु रकम | | | |
|---|---|---|---|---|
| | असुल गर्नु पर्ने (रू. लाख) | नियमित गर्नु पर्ने (रू. लाख) | म्याद नाघेको पेस्की (रू. लाख) | जम्मा रू. लाखमा |
| सिहदरवार, काठमाडौं | २.५६ | २,३३३.६७ | १०,०९७.८९ | १२,४३४.१२ |
| गोर्खा | २६.६३ | ४,४५४.०५ | ४,३८३.१० | ८,८६३.७८ |
| लमजुङ्ग | ०.६३ | २०.४४ | २,७२७.७६ | २,७४८.८३ |
| तनहू | ७.०६ | ०.०० | ५३.५० | ६०.५६ |
| कास्की | ७८.५८ | १.८९ | ७,८८६.१६ | ७,९६६.६४ |
| मनाङ्ग | १२.४३ | ०.१९ | ०.०० | १२.६२ |
| मुस्ताङ्ग | १.२७ | ०.०० | ०.०० | १.२७ |
| पर्वत | ०.७३ | ३३१.८४ | १,१००.३६ | १,४३२.९३ |
| स्याङ्जा | ४.०३ | १३.५५ | २८०.७६ | २९८.३४ |
| म्याग्दी | ०.५३ | ०.०० | ०.०० | ०.५३ |
| वाग्लुङ | ०.२५ | ०.०० | ७८३.२५ | ७८३.५० |
| नवलपुर | २.८६ | १६.९८ | २१९.७४ | २३९.५७ |
| नवलपरासी | ५१.४९ | ७.१२ | ०.०० | ५८.६१ |
| रुपन्देही | १२७.८५ | २,०८१.९५ | २,४१७.८० | ४,६२७.६० |
| कपिलबस्तु | १९.४१ | ३,६०२.४६ | २,३९५.११ | ६,०१६.९८ |
| पाल्पा | ७३४.२० | ३,८२९.७१ | ०.०० | ४,५६३.९० |
| अर्घाखाँची | ०.०० | १५९.३५ | ६२९.०४ | ७८८.३८ |
| गुल्मी | ०.९२ | १७.४२ | ०.०० | १८.३४ |
| रुकुमकोट | ०.७८ | २५६.६३ | ८९.६३ | ३४७.०४ |
| रोल्पा | ०.३९ | ०.०० | ०.०० | ०.३९ |
| प्यूठान | १.३९ | ५०.४६ | ०.०० | ५१.८४ |
| दाङ | ३८.०० | ९१.८५ | १,०४४.९६ | १,१७४.८० |
| बाँके | १३८.०९ | १०,०५८.२८ | २,६३७.३८ | १२,८३३.७५ |
| बर्दिया | १.०३ | १.६७ | ३,५९०.६९ | ३,५९३.३९ |
| रुकुम | ०.०० | ३९७.८५ | २३२.६५ | ६३०.५० |
| सल्यान | ०.२२ | ५.०० | ३२२.४२ | ३२७.६४ |
| डोल्पा | ७१.४३ | ०.०० | ०.०० | ७१.४३ |
| जुम्ला | ४३.३२ | ३९.९८ | ३५४.६५ | ४३७.९५ |
| मुगु | ११.०६ | १५.६५ | ०.०० | २६.७१ |
| हुम्ला | ५.८३ | ७७७.१२ | १.०० | ७८३.९४ |
| कालिकोट | ०.३२ | ०.०० | ०.०० | ०.३२ |
| जाजरकोट | १.०९ | ८.०३ | ८.८१ | १७.९३ |
| दैलेख | ३२.७६ | ८४३.०६ | २,६९४.३१ | ३,५७०.१४ |
| सुर्खेत | १५.६५ | ९२.७३ | २२१.४१ | ३२९.७९ |
| बाजुरा | ३.३० | ९.७५ | ०.०० | १३.०५ |
| बझाङ | १.५६ | ०.०२ | १,८९८.९५ | १,९००.५३ |
| डोटी | ३०.५८ | २९५.६८ | ०.०० | ३२६.२६ |
| अछाम | ०.१८ | ४.३१ | ८१५.८८ | ८२०.३७ |
| दार्चुला | ०.०० | ०.०० | ४५७.०३ | ४५७.०३ |
| बैतडी | २.२२ | ३७.०३ | ०.०० | ३९.२४ |



सह-महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

| जिल्ला | बेरूजु रकम | | | |
|---|---|---|---|---|
| | असुल गर्नु पर्ने (रू. लाख) | नियमित गर्नु पर्ने (रू. लाख) | म्याद नाघेको पेस्की (रू. लाख) | जम्मा रू. लाखमा |
| डडेलधुरा | २.८८ | २३.४४ | १३२.१५ | १५८.४८ |
| कञ्चनपुर | ४,५४०.८४ | १,१६१.९० | ७६७.६२ | ६,४७०.३६ |
| कैलाली | १५०.४९ | २६५.०७ | ११,५८०.१९ | ११,९९५.७४ |
| कुल जम्मा | ११,२०१.७० | ९४,०९६.४९ | १७९,६३७.७४ | २८४,९३५.९३ |

*स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।*

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

सह–महालेखा नियन्त्रक

महालेखा नियन्त्रक